# भीरकोट नगरपालिकाको

## आ.व. २०८२/८३ मा सम्पादित योजना तथा कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रमको प्रतिवेदन

# भीरकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

# आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन

## १. नगर परिचय

गण्डकी प्रदेश अन्तर्गत पर्ने स्याङ्जा जिल्लाको मध्य भागमा अवस्थित भीरकोट नगरपालिका समुन्द्र सतहबाट करीब ७१३ मिटर (वडा नं. ४ को छाङ्गछाङ्गदी फाँट) देखि करीब १७३५ मिटर (वडा नं. ९ को नारायणगिरी बाबा मन्दिर) को उचाईमा अवस्थित छ । यो नगरपालिका पूर्वमा विरुवा गाउँपालिका र पुतलीबजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका तथा दक्षिणमा वालिङ्ग नगरपालिकासँग सिमाना जोडिएर रहेको छ ।

मध्यकालिन आँधिखोलाको सभ्यताभित्र भीरकोट राज्यको स्थापना विक्रम संम्वत् १४७५ देखि १५०० को बीचमा भएको र स्याङ्जा जिल्लाको इतिहाँसमा नुवाकोट, सतौंकोट, गह्रौंकोटमध्ये भीरकोटलाई प्राचीन ऐतिहासिक किल्ला र कोट मानिएको पाइन्छ । उहिले आँधिखोलादेखि पश्चिममा खिलुङ्ग भन्ने स्थानलाई जैन खाँनले बस्ती बसालेका र त्यसैको निकट रहेको शीतल हावा चल्ने भीरकोटमा घर, मन्दिर  तथा कोटघरको निर्माण गरी ठकुराईहरुले राज्य संचालन गरेको इतिहास रहेको छ ।

डा. बम बहादुर अधिकारीद्धारा लिखित बाइसे तथा चौबीसे राज्यहरूको संक्षिप्त इतिहास नामक पुस्तकमा भीरकोट राज्यको सीमाना पैंयुखोला, सर्दीखोला, सेतीखोला, बाडखोला, दह्रौंखोला, मिर्दीखोला, बाँयखोला, च्याङ्गदीखोला, करादीखोला, अर्मादीखोला, लुब्दीखोला, फेदीखोलासम्म फैलिएको उल्लेख छ । पूर्वमध्यकालमा जैन खाँनका छोरा सूर्य खाँनले भीरकोट राज्यको स्थापना गरेको पाइन्छ । यस नगरपालिकाको वडा नम्वर १ को जगतपुरमा भीरकोटे राजाहरूले शासन गरेको ऐतिहासिक भीरकोट दरबार हालसम्म पनि रहेको र सोही नामको आधारमा भीरकोट नगरपालिकाको नामाकरण भई मिति  २०७२/०६/०१ नगरपालिकाको स्थापना भएको हो ।

यो नगरपालिका पूर्वतर्फ वडा नम्वर ३ को भुरुङ्गखोला देखी पश्चिमतर्फ वडा नम्वर ९ को कालिकाकोटकोट बाघडाँडासम्म तथा उत्तरमा वडा नं. १ को शंखपुर देखि दक्षिणमा वडा नम्वर ४ को खत्रीखोलासम्म फैलिएको छ।

राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजाअनुसार यस नगरपालिकामा कूल घर संख्या ५६४४, कूल परिवार संख्या ६१७१ र कूल जनसंख्या २२,६४५ रहेको र कूल जनसंख्यामध्ये पुरुषको संख्या १०,२६७ र महिलाको संख्या १२,३७८ रहेको छ । यसरी हेर्दा यस नगरपालिकाको लैङ्गिक अनुपात ८२.९५ रहेको छ । यस नगरपालिकाको कुल साक्षरता दर ८२.९ प्रतिशत रहेकोमा पुरुष साक्षरता ९०.८ र महिला साक्षरता दर ७६.५ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार वडागत जनगणना निम्नानुसार रहेको छ ।

| वडाको विवरण | पुरुष जनसंख्या | महिला जनसंख्या | जम्मा जनसंख्या |
|---|---|---|---|
| **वडा नं १** | १७८५ | २१७६ | ३९६१ |
| **वडा नं २** | १५४८ | १८१५ | ३३६३ |
| **वडा नं ३** | १२०२ | १४६७ | २६६९ |

| | | | |
|---|---|---|---|
| वडा नं ४ | ६१६ | ७२४ | १३४० |
| वडा नं ५ | १२२२ | १४८० | २७०२ |
| वडा नं ६ | ९०० | १११९ | २०१९ |
| वडा नं ७ | ८२७ | ९८९ | १८१६ |
| वडा नं ८ | १२७३ | १५११ | २७८४ |
| वडा नं ९ | ८९४ | १०९७ | १९९१ |
| कुल जम्मा | १०२६७ | १२३७८ | २२६४५ |

कूल ७८.२३ वर्ग कि.मि. क्षेत्रफल रहेको भीरकोट नगरपालिकालाई देहाय बमोजिम हुने गरी ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

देहायः-

| सि. नं. | साविकका गा.वि.स. | साविकका वडाहरू | हालको भीरकोट नगरपालिकामा कायम भएका वडाहरू |
|---|---|---|---|
| १ | दार्सिङ्ग दहथुम | १,२,३ र ५ | भीरकोट नगरपालिका वडा नं. १ |
| २ | दार्सिङ्ग दहथुम | ४,६,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं. २ |
| ३ | बानेथोक देउराली | १ देखि ९ सम्म | भीरकोट नगरपालिका वडा नं. ३ |
| ४ | छाङ्गछाङ्गदी | २,३,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं. ४ |
| ५ | स्वरेक | १,५,६,७ र ९ | भीरकोट नगरपालिका वडा नं. ५ |
| ६ | खिलुङ्ग देउराली | ३,५,७ र ८ | भीरकोट नगरपालिका वडा नं. ६ |
| ७ | खिलुङ्ग देउराली | १,२,४,६ र ९ | भीरकोट नगरपालिका वडा नं. ७ |
| ८ | ढापुक सिमलभञ्याङ्ग | १ देखी ९ सम्म | भीरकोट नगरपालिका वडा नं. ८ |
| ९ | कालिकाकोट | ३,४,५,६,७ र ८ | भीरकोट नगरपालिका वडा नं. ९ |

यस नगरपालिकामा रहेको पक्की सडक मध्ये ९.१७ किलोमिटर सडक सिद्धार्थ राजमार्गमा रहेको र वजार क्षेत्रमा १.५ किलोमिटर सडक कालोपत्रे गरिएको छ । यसै गरी बयरघारी- ठुली भन्ज्याङ पर्वत सडकको २३ किलोमिटर सडक मध्ये करिव २ कि मि सडक निर्माणधिन अवस्थामा रहेको छ । बयरघारी-बानेथोक खण्डको २३.५ किलोमिटर सडक मध्ये करिव ६०० मी सडक कालो पत्र भएको र सो सडक अन्तर्गत पर्ने लुवाडाँडा देखि वानेथोक देउराली सम्मको सडक पि सि सि एवं कालो पत्रे गर्ने कार्य शुरु गरिएको छ । त्यसै गरी बयरघारी-ढापुक फेदी हुँदैं पर्वत भोर्ले सम्म २० कि मि सडक मध्ये करिव ४ कि मि सडक कालोपत्रे गरिएको छ ।यसै गरी हेलु अर्जुनचौपारी सडकको हेलु वजार देखि ठाडाखेत सम्मको १.५ कि मि सडकमा कालोपत्रे गरिएको छ ।

समग्रमा भीरकोट नगरपालिकामा हाल सम्म करिव १८  कि मी कालोपत्रे सडक र करिव ८ कि मी पि सि सी सडक रहेकोमा बाँकी सडक कच्ची सडक रहेका छन ।

पक्की पुल तर्फ आँधिखोलामा २, खाँदीखोलामा १, लुब्दिखोलामा ३ र गोदीखोलामा २ समेत गरी जम्मा ८ वटा मोटरेवल पक्की पुल रहेका छन् । आँधीखोलाको १ वटा पुल निर्माणाधिन अवस्थामा  रहेको छ ।

यस नगरपालिकाभित्र खेतीयोग्य ठुला फाँटका रुपमा बयरघारी, छाङ्गछाङ्गदी, पकान, सिमलचौर र मर्तमास रहेका छन् भने ती फाँटहरूको प्रमुख सिंचाईको मूल श्रोतको रुपमा आँधिखोला रहेको छ ।

पर्यटन विकासको प्रचुर संभावना बोकेको यस नगरपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूमध्ये प्याराग्लाईडिङ्गका लागि स्वरेक मैदान, पवित्र धार्मिक स्थलका रुपमा छाङ्गछाङ्गदी छायाँक्षेत्र मन्दिर, घरबास पर्यटनका लागि वडा नं. ७ को खिलुङ्ग, वडा नं. ८ को ओकादी र वडा नं. २ को केघाभञ्याङ्ग प्रमुख संभावना रहेका स्थानहरू रहेका छन् भने मुल्का वराह, खिलुङ्ग कालिका, स्वरेक भैरव कालीका, भवानीथुम, बानेथोक देउराली, कोखेछहरा, भीरकोट कालिका, केघादेउराली, देउपुजे ढुङ्गा, गडहरे गुफा, सिर्कोट कालिका, नारायणगिरी बाबा मन्दिर, दफुर्का वन, सुन्दरचौर बनस्पति सुचना केन्द्र लगायतका स्थलहरू पर्यटकीय आकर्षणका केन्द्रको रुपमा रहेका छन्।

यस नगरपालिकामा अदुवा, केरा, सुन्तला र कफी एवं अम्रिसो खेती प्रमुख नगदे बाली तथा कोदो, मकै, गहूँ र धान प्रमुख खाद्यान्न बालिका रुपमा रहेका छन् । त्यसै गरी जडीबुटीका रुपमा हर्रो, बर्रो, चिराइतो, अमला, लालीगुँरास, सुनगाभा लगायतका जडीवुटीहरूको सम्भावना रहेको छ ।

## २. कार्यक्रमको परिचय

यस नगरपालिकाद्वारा प्रत्येक आर्थिक वर्षको समाप्त पश्चात आयोजना गरिने वार्षिक समीक्षा कार्यक्रमको उद्देश्य विगत एक वर्षको योजना कार्यान्वयनको स्थिति, उपलब्धि, चुनौती र आगामी वर्षका प्राथमिकता तथा सुधारका दिशाहरूको पहिचान गर्नु हो । यसै सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ मा नगरपालिकाबाट सञ्चालन गरिएका विविध क्षेत्रका कार्यक्रम तथा योजनाहरूको प्रगति मूल्याङ्कनका लागि २०८२ असोज ८ गते नगरपालिकाको सभाहलमा समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो ।

बार्षिक समिक्षा कार्यक्रम यस नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्य ज्यूको अध्यक्षतामा, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, वडा अध्यक्षहरू, जनप्रतिनिधिहरू, नगरस्तरीय कर्मचारीहरू, उपभोक्ता समिति प्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मीहरू, नागरिक समाजका अगुवा तथा सरोकारवाला व्यक्तिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

यस कार्यक्रमलाई साझा उत्तरदायित्व, पारदर्शिता र सहभागी शासन प्रणालीको अभ्यासका रूपमा लिइएको थियो, जस अन्तर्गत नगरपालिकाका विभिन्न शाखा तथा वडाहरूले सञ्चालन गरेका योजना, कार्यक्रम र गतिविधिहरूको विवरण प्रस्तुत गरियो । साथै, तिनका उपलब्धि, कमजोरी, सिकाइ र आगामी वर्षका सुधारका उपायहरूको बारेमा सहभागीहरूबाट सुझाव, सल्लाह र प्रत्यक्ष अभिव्यक्ति संकलन गरियो ।

कार्यक्रमको सञ्चालनका क्रममा नगरपालिकाका विभिन्न शाखा प्रमुखहरूद्वारा प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो । प्रत्येक वडाका अध्यक्षहरूले आफ्नो वडामा सम्पन्न कार्यहरू, अवरोध र सुधारका प्रस्तावहरू राख्नुभएको थियो । साथै, नगरका प्रमुख सरोकारवालाहरू, सामाजिक संघसंस्थाका प्रतिनिधि, राजनीतिक दलका अगुवा तथा प्रतिनिधिहरूद्वारा नगरको समग्र कार्यप्रणालीमा सुधारका लागि बहुमूल्य सुझाव प्रस्तुत गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा नगर प्रमुखले सबै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरूलाई आगामी वार्षिक योजना निर्माण प्रक्रियामा प्राथमिकताका साथ समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस कार्यक्रमले नगरपालिकाभित्र उत्तरदायित्व, समन्वय, गुणस्तर र पारदर्शिता प्रवर्द्धन गर्ने सकारात्मक सन्देश दिएको छ । साथै, स्थानीय तहको सुशासन र सेवा प्रवाह सुधारका लागि सहभागी समीक्षा प्रणालीको आवश्यकता अझ स्पष्ट बनाएको छ ।

## ३. कार्यक्रमको प्रमुख उद्देश्य:

यस नगरपालिकाले संचालन गरेको बार्षिक समिक्षा कार्यक्रमको प्रमुख उद्देश्य देहाय बमोजिम रहेको थियोः

क. आ.व. २०८२/८३ का लागि स्वीकृत वार्षिक योजना र बजेट अनुसार सम्पन्न कार्यहरूको समीक्षा र मूल्याङ्कन गर्नु ।

ख. नगरपालिकाका हरेक शाखा तथा वडा स्तरका योजनाहरूको भौतिक, वित्तीय र प्राविधिक प्रगति प्रस्तुत गर्नु ।

ग. कार्यान्वयनका क्रममा देखिएका प्रमुख चुनौती, समस्या र समाधानका उपायहरू पहिचान गर्नु ।

घ. जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, राजनीतिक दल र नागरिक समाजबीच पारदर्शी र उत्तरदायी समन्वयको वातावरण सृजना गर्नु ।

ङ. आगामी वर्षका योजनाहरूलाई अझ परिणाममुखी, दिगो र समुदायमैत्री बनाउने सुझाव संकलन गर्नु ।

## ४. शाखागत प्रगति विवरण

अनुसूची ११

प्रगति प्रतिवेदन

भीरकोट नगरपालिका

आर्थिक वर्ष : २०८२/०८३ को शिक्षा शाखा सशर्त तर्फको वार्षिक प्रगति प्रतिवेदन

| सि.नं. | कियाकलाप नं. | कियाकलापको नाम | वार्षिक लक्ष्य | | वार्षिक प्रगती | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विनियोजित कुल रकम (रु. हजारमा) | भौतिक लक्ष्य | वित्तिय प्रगति (रु. हजारमा) | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत | लाभान्वित वर्ग |
| १ | १.१.३.३ | आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलबभत्ता, ग्रेड, सञ्चयकोष, विमाकोष, चाडबाडखर्च, महङ्गीभत्ता, पोषाक भत्ता अनुदान | १४३३०० | २३६ | १३९४६८ | ९७.३३ | २३६ | १०० | शिक्षक |
| २ | १.१.३.४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलबभत्ता, ग्रेड, सञ्चयकोष, विमाकोष, चाडबाडखर्च, महङ्गीभत्ता | २७६०० | ३८ | २७६०० | १००.०० | ३८ | १०० | शिक्षक |
| ३ | २.७.१३.४० | माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ९८२५ | १७ | ८४४१ | ८५.९१ | १६ | ९४.१२ | शिक्षक |
| ४ | २.७.१३.४१ | आधारभुत तह कक्षा ६-८ मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४६१ | १ | ४६१ | १००.०० | १ | १०० | शिक्षक |
| ५ | १.१.४.१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक पोषाक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १४७९५ | ९२ | १४५८७ | ९८.५९ | ९२ | १०० | स.का कर्मचारी |
| ६ | २.७.१३.३०२ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण विद्यार्थी मुल्याङ्कन शिक्षक मेन्टरीङ तथा विद्यालय सुपरीवेक्षण | १२९५ | ७/३६५ | ९९१ | ७६.५३ | ७/३६५ | १०० | शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, वि.व्य.स पदाधिकारी |
| ७ | २.४.६.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १९८८ | २११६ | १४९६ | ७८.८२ | २११६ | १०० | विद्यार्थी |
| ८ | ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | ४०४ | ५०५ | २१५ | ५३.२२ | ५०५ | १०० | विद्यार्थी |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | विनियोजित कुल रकम (रु. हजारमा) | भौतिक लक्ष्य | वित्तिय प्रगति (रु. हजारमा) | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत | लाभान्वित वर्ग |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २८१० | ३९ | २४०० | ८५.४१ | ३९ | १०० | विद्यालय |
| १० | २.७.१३.५० | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | ६६३ | २५२३ | ५९१ | ८९.१४ | २५२३ | १०० | विद्यार्थी |
| ११ | २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन अनुदान। | १३५० | ४ | ९३९ | ६९.५६ | ४ | १०० | सामुदायिक सिकाइ केन्द्र र अनिवार्य तथा निःशुल्क शिक्षा |
| १२ | २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४७२३ | ११५३ | ३९३२ | ८३.२५ | ११५३ | १०० | विद्यार्थी |
| १३ | २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३५०० | ६ | ३४५० | ९८.५७ | ६ | १०० | विद्यालय |
| १४ | ११.१.२.२.९८० | केन्द्रबाट छनोट भएका नमुना माध्यमिक विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको ल्याब | १०००० | १ | १०००० | १००.०० | १ | १०० | विद्यालय |
| १५ | २.७.१३.२३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापन कार्यक्रम | ७७२ | ६२८ | ० | ०.०० | ० | ० | छात्रा |
| १६ | २.७.१३.३०५ | विपन्न लक्षित छात्रवृति | ८०४ | १११ | ६१८ | ७६.८७ | १०३ | ९३ | विद्यार्थी |
| १७ | २.७.८.३९४ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७०० | १ | ७०० | १००.०० | १ | १०० | विद्यालय |
| | | जम्मा | २२४९०० | | २१५८८९ | ९५.९९ | | | फिर्ता बजेट ९०११ |

आगामी वर्षको कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सुझावहरु भए बुँदागत रुपमा उल्लेख गर्ने :

प्रतिवेदन तयार गर्ने
हस्ताक्षर
हस्ताक्षर:
नाम थर: विष्णु बहादुर भट्टराई
पद: सहायक शिक्षा अधिकृत

रुजु गर्ने
हस्ताक्षर:
नाम थर: खड्ग बहादुर राना
पद: उपसचिव

प्रमाणित गर्ने
हस्ताक्षर:
नाम थर: लक्ष्मण [illegible]
पद: प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ११

प्रगति प्रतिवेदन

मीरकोट नगरपालिका

आर्थिक वर्ष : २०८२/०८३ को शिक्षा शाखाको आन्तरिक तर्फको वार्षिक प्रगति प्रतिवेदन

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विनियोजित कुल रकम (रु. हजारमा) | भौतिक लक्ष्य | वित्तिय प्रगति (रु. हजारमा) | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत | लाभान्वित वर्ग |
| १ | ५४६.२२.१ | प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयमा कार्यरत कर्मचारी पारिश्रमिक | ६५१३ | ९२ | ६५१३ | १००.०० | ९२ | १०० | बालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी |
| २ | ५४६.२२.१ | मदर्सा संचालन खर्च | ११३० | ३ | ११३० | १००.०० | ३ | १०० | शिक्षक |
| ३ | ५४६.२२.१ | शैक्षिक क्यालेन्डर प्रकाशन | १०० | ५०० | १०० | १००.०० | ५०० | १०० | शिक्षक |
| ४ | ५४६.२२.१ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | १५०० | १३ | १४३१ | ९५.०३ | १३ | १०० | विद्यालय |
| ५ | ५४६.२२.१ | संस्थागत विद्यालय सेनेटरी प्याड खरिद | १०० | | ० | ०.०० | ० | १०० | |
| ६ | ५४६.२२.१ | उच्च शिक्षा शैक्षिक उन्नयन कार्यक्रम | १५०० | २ | ० | ०.०० | २ | १०० | |
| ७ | ५४६.२२.१ | कक्षा ३,५,८ परीक्षा संचालन खर्च | ५०० | ६४३ | ४९५ | ९९.०० | ६४३ | १०० | विद्यार्थी |
| ८ | ५४६.२२.१ | मिरकोट प्रज्ञा प्रतिष्ठान | २०० | | ० | ०.०० | ० | १०० | |
| ९ | ५४६.२२.१ | युवा तथा खेलकुद कार्यक्रम | १००० | | ३०४ | ३०.४० | ० | १०० | युवा क्लबहरु |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | वार्षिक लक्ष्य | | वार्षिक प्रगती | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विनियोजित कुल रकम (रु. हजारमा) | भौतिक लक्ष्य | वितिय प्रगति (रु. हजारमा) | वितिय प्रगति प्रतिशत | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत | लाभावान्वित वर्ग |
| १० | ५४६.२२.१ | नियमित प्र.अ. बैठक व्यवस्थापन खर्च | १२० | १२ | ८१ | ६७.५० | १२ | १०० | विद्यालय र विद्यालयका प्रधानाध्यापक बैठक संख्या |
| ११ | ५४६.२२.१ | पढ्नको लागि Room to Read कार्यक्रम | ८०० | १० | ७५१ | ९३.८८ | १० | १०० | रुम टु रिड कार्यक्रम लागू भएका विद्यालय |
| १२ | ५४६.२२.१ | स्थानीय पाठ्य कार्यक्रमको परिमार्जन तथा छपाई | ८०० | ४५ | ४९९ | ६२.३८ | ३६ | ८० | विद्यालयहरु |
| १३ | ५४६.२२.१ | शिक्षा क्षेत्र खर्च | ३० | १ | २१ | ७०.०० | १ | १०० | सरोकारवालाहरुको बैठक |
| १४ | ५४६.२२.१ | कक्षा ६दिवा खाजा व्यवस्थापन | ७०० | | ४९६ | ७०.८६ | | १०० | विद्यालय |
| १५ | ५४६.२२.१ | छात्रवृति कार्यकर्म बिपन्न जेहेन्दार | ४०० | ७ | १६९ | ४२.२५ | ७ | १०० | छात्रा |
| | | जम्मा | १५४३३ | | १२०७० | ७८.२१ | | | |

आगामी वर्षको कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सुझावहरु भए बुँदागत रुपमा उल्लेख गर्ने :

प्रतिवेदन तयार पार्ने
हस्ताक्षर:
नाम थर: बिष्णु बहादुर भट्टराई
पद: सहायक शिक्षा अधिकृत

रुजु गर्ने
हस्ताक्षर:
नाम थर: खड्ग बहादुर राना
पद: उपसचिव

प्रमाणित गर्ने
हस्ताक्षर:
नाम थर: ल[illegible] लम्साल
पद: प्रमुख प्रशासकीय अधिकृत

| स्वास्थ्य शाखाबाट आ.व. २०८२/८३ मा सम्पदान भएको कार्यसम्पदान प्रतिवेदन | | | | |
|---|---|---|---|---|
| सि.नं | कार्यक्रम (सशर्त तर्फ) | संचालन भएको कार्य | विनियोजित बजेट | खर्च प्रतिशत |
| १ | मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक ५००० का दरले उपलब्ध गराईने रकम | १.कार्तिक महिनामा साउन र भदौ महिनाको ४७ जना बिरामीलाई ३५५००० भक्तानी गरिएको।<br>२.वैशाख महिनामा ४५ जना बिरामीलाई असोज देखि चैत सम्मको १८६५००० भक्तानी गरिएको। | २६६०००० | ८३% |
| २ | राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम (पोशाक प्रोत्साहन र यातायात खर्च) | सम्बन्धित कार्यक्रम अन्तरगत ५२ जना म.स्वा.स्वयं से.को पोशाक प्रोत्साहन र यातायात खर्च उपलब्ध गराइएको। | ११४८००० | १००% |
| ३ | पोषण कार्यक्रम | १.भिटामिन ए क्याप्सुल आम वितरण कार्यक्रम अन्तर्गत २५०९ जना ६ महिना देखि ५ वर्ष मुनिका बालबालिका लाई भिटामिन ए वितरण<br>२. सर्लाना ४ बार दिनका आमाहरूलाई पोषण विशेष अभिमुखिकरण तथा पोषण सेवासंग कार्यक्रम सम्पूर्ण स्वास्थ्य संस्थाबाट आफ्नो २ वटा टोलहरूमा गरिएको<br>३.स्तनपान र स्थानीय पोषणयुक्त तथा स्वस्थ खानाको उपभोग प्रवर्दन सचेतना अभिवृद्धि<br>४. आमाको दुध प्रतिस्थापन गर्ने वस्तुहरूको ऐन २०४९ कार्यान्वयनको निरीक्षण तथा अनुगमन | ४४४००० | ९६% |
| ४ | परिवार योजना सेवा | | ६०००० | १९% |

| | | | | |
|---|---|---|---|---|
| ५ | स्वास्थ्य चौकी (आधारभूत स्वास्थ्य सेवा केन्द्र) का न्युनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखिकरण, समिक्षा, फलोअप, अनुगमन तथा सुद्धिढिकरण समेत) | न्युनतम सेवा मापदण्ड कार्यक्रम दुई पटक<br>१. ENT सेट खरिद | १२२००० | ०.१% |
| ६ | प्रजनन रुग्णता स्वास्थ्य सेवा | एकिकृत प्रजनन रुग्नता को स्क्रीनिंग र महिलाहरु को पाठेघरको मुखको क्यान्सर परिक्षण शिविर ३वटा वडामा संचालन | १५०००० | ०.१% |
| ७ | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण | २३ जना म.स्वा.स्वयं.सेविकालाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण | ५५००० | ०.७% |
| ८ | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेसन तथा भ्यालिडेशन एवम् अर्धवार्षिक र वार्षिक समिक्षा | अर्धवार्षिक र वार्षिक समिक्षा<br>मासिक बैठक | ३००००० | ०.४% |
| ९ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद | पहिलो चरणमा नेपाल सरकार द्वारा निःशुल्क उपलब्ध नगराइने ९८ प्रकारका औषधी खरिद<br>दोस्रो चरणमा ४८ प्रकारका औषधी खरिद | १४६८००० | १०० |
| १० | क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रमहरु (जनशक्ति, बाहेक) | १८ जना क्षयरोग बिरामीलाई विभिन्न खाद्य सामाग्रिहरु खरिद गरि वितरण<br>वडा नं ३ मा AI Xray द्वारा क्षयरोग खोजपड्ताल कार्यक्रम, ६ जना बिरामी पत्ता लागेको<br>क्षयरोग बिरामीको सम्पर्क परिक्षण | ७००००० | ७५ |

| | | | | |
|---|---|---|---|---|
| ११ | स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम संचालन | उत्तर प्रसुती घरभेट (PNC Home Visit) कार्यक्रमको समिक्षा<br>आमा तथा नवजात शिशु अनुगमन<br>PNC Home Visit रकम भुक्तानी | १०४०००० | ५% |
| १२ | किशोरकिशोरी स्वास्थ्य सेवा | भीरकोट नगरपालिकाका विद्यालय हरुमा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कक्षा संचालन | ९३००० | ७७% |
| १३ | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम | भी.न.पा. अन्तर्गतका ३ वटा वडामा कार्यक्रम संचालन | ५०००० | ८८% |
| १४ | समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ ( फागुन महिना) तथा जनचेतना कार्यक्रम संचालन | कार्यक्रम अन्तर्गत कुल ११९८ जना व्यक्तिको स्क्रिनिङ गरिएको | १५०००० | ९८% |
| १५ | CBIMNCI कार्यक्रम ( कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण) | CBIMNCI स्थलगत अनुशिक्षण सम्पूर्ण स्वास्थ्य संस्थामा | १००००० | ९३% |
| १६ | स्थानीय तहका साईटहरूमा नियमित खोप सुदृढीकरण,नियमीत खोपमा विद्यालय केन्द्रित खोप अभियान संचालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि व्यवस्थापन खर्च | HPV खोप अभियान कक्षा ६ का १६९ जना छात्राहरूलाई लगाइएको<br>पूर्ण खोप सुनिश्चितता र दिगोपनाका | ६१३००० | ८९% |

| | | | | |
|---|---|---|---|---|
| १९ | डेंगु, जापानिज इन्सेफलाईटिस लगायतका किट जन्य रोगहरु को नियन्त्रणका लागी लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने, विद्यालय शिक्षा कार्यक्रम, सामुदायिक परिचालन तथा सरोकारवालाहरुको अभिमुखिकरण | भीरकोट नगरपालिका अन्तर्गतका सम्पूर्ण वडामा डेंगुको अभिमुखिकरण गरिएको र खोज र नष्ट कार्य संचालन गरिएको | १३५००० | ९.७% |
| २० | म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | | ४५०००० | ८०% |
| २१ | स्थानीय तह मार्फत मात तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्तसंचार ल्याने ढुवानी सहित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | | ६००००० | १७% |
| २२ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको अभिमुखिकरण | २३२३५० | २९% |

| सि.नं | कार्यक्रम (स्थानीय तह तर्फ) | सम्पन्न कार्य | विनियोजित बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | मेयर सँग जेष्ठ नागरिक स्वास्थ्य शिविर | कार्यक्रम अन्तर्गत कुल ५८२ जना व्यक्तिको स्वास्थ्य जाँच गरिएको थियो। | ५००००० | ६५% |
| २ | गर्भवती महिला लाई अन्डा वितरण | गर्भवती महिलाहरूलाई १४३ क्रेट अण्डा वितरण गरिएको। | ७००००० | १००% |
| ४ | सुत्केरी पोषण भत्ता | १२० जना सुत्केरी लाई पोषण भत्ता वितरण | ६००००० | १००% |
| ५ | आवश्यक औषधि खरिद | Calcium खरिद | २००००० | १००% |
| ६ | महिला स्वा से यातायात खर्च | | १२४८००० | १००% |
| ७ | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम | | ५०००० | ७२% |
| ८ | मसलन्द खर्च | | १६०००० | १००% |

# स्थानीय न्यायिक समितिको
# आर्थिक वर्ष २०८२/०८३ को
# वार्षिक प्रतिवेदन

भीरकोट नगरपालिका
न्यायिक समितिको सचिवालय
बयरघारी, स्याङ्जा
गण्डकी प्रदेश
२०८३

सारसंक्षेप

नेपालको शासकीय संरचना संघात्मक व्यवस्था गरेपछिको तीन तहको सरकारमध्यको जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । नेपालको संविधानले तीनै तहका सरकारले राज्य शक्तिको प्रयोग गर्ने गरी भएको व्यवस्था अनुरुप धारा २१७ ले स्थानीय स्तरमा विवाद तथा न्याय निरुपणका लागि गाउँपालिका तथा नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा स्थानीय न्यायिक समितिको क्षेत्राधिकार समेत तोकेको छ । न्यायिक समितिबाट न्यायिक निरुपण गर्दा विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्बन गर्दै जीत जीतको अवस्थामा पुन्याएर मेलमिलापको माध्ययमबाट न्यायिक कार्य सम्पादन गरी सरकारप्रति जनविश्वास कायम गर्दै सामाजिक संहिष्णुता, एकता प्रवर्द्धनका साथै न्यायलाई छिटो, छरितो, सरल, कम खर्चिलो गराउनुपर्ने मुख्य ध्येय स्थानीय न्यायिक समितिको व्यवस्थाको रहेको छ ।

नेपालको संविधान बमोजिम गठित न्यायिक समितिको कार्यसम्पादनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको क्षेत्राधिकार बमोजिम न्यायिक कार्य सम्पादन गर्न भीरकोट नगरपालिकाले तीन सदस्यीय न्यायिक समिति गठन, न्यायिक समितिको (कार्यविधि सम्बन्धी) ऐन, २०७५ समेत जारी गरी सोही बमोजिम कार्यान्वयन भैरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(१) बमोजिम न्यायिक समितिबाट सम्पादित कार्यहरुको अभिलेखिकृत गरी बार्षिक प्रगति नगरसभामा पेश गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

न्यायिक समितिमा आर्थिक वर्ष २०८२/०८३ मा दर्ता भएका २४ बटा उजुरीहरु मध्ये १९ बटाको आवश्यक कार्यवाही गरी फछ्र्यौट गरिएको छ र ५ बटा निवेदन दर्ता भए पनि निवेदक सम्पर्कमा नआएका कारण प्रकृयामा रहेका छन ।

आगामी दिनमा स्थानीय तहमा हुने न्यायिक कार्यसम्पादनलाई अझ प्रभावकारी बनाउन न्यायिक समितिको क्षमता अभिबृद्धि तालिम, कानूनी जनशक्तिको व्यवस्था, बैज्ञानिक अभिलेखीकरण तथा व्यवस्थापन जस्ता पक्षको पर्याप्त व्यवस्था हुन सकेमा न्यायिक कार्यसम्पादनमा थप गुणस्तर आउने अपेक्षा समेत गर्दै यो प्रतिवेदन तयार गरिएको छ ।

# १ प्रारम्भ तथा परिचय

## १.१ पृष्ठभुमि

नेपालको संविधानले गाँउपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानिय न्यायिक प्रयोजनका लागि यो व्यवस्था नेपालको संवैधानिक इतिहासमा पहिलो पटक भएको हो। संविधानको उल्लेखित व्यबस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानिय तहमा रहेको छ।

नेपालको संविधानको भाग ५ धारा ५६(१) मा "संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ" भन्ने उल्लेख छ ।संविधानको धारा ५६(२) मा नेपालको "राज्य शक्तिको प्रयोग संघ,प्रदेश र स्थानीय तह यस संविधान र कानुन वमोजिम गर्नेछन" भनि स्पष्ट पारिदिएको छ ।नेपालको संविधानको धारा २१७ को उपधारा (१) मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिकाले गाउँपालिका उपाध्यक्ष र नगरपालिकाले नगरपालिका उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था गरेको छ। संविधानको धारा २१७ को उपधारा २ न्यायिक समितिमा गाँउसभा वा नगरसभाबाट आफु मध्यवाट निर्वाचित गरेको दुई जना सदस्यहरु रहने गरी न्यायिक समिति गठन विधि स्पष्ट गरेको छ।

संविधानमा उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानिय तहको रहेको छ। देश भरीका ७५३ वटा न्यायिक समितिबाट न्याय सम्पादन गर्ने यस प्रणालीबाट न्यायमा जनताको पहुँच सरल र सहज वनाउन मद्दत पुग्ने विश्वास लिइएको छ साथै विवादको वैकल्पिक उपायहरु अवलम्बन गर्दा न्यायिक प्रक्रियामा जीत जीतको अवस्था सुनिश्चित हुने र न्यायप्रतिको सन्तुष्टी तथा विश्वास बढ्नुका साथै विवाद निरुपणलाइ कम खर्चिलो,कम झनझटीलो तथा मेलमिलापमुलक प्रक्रियाबाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

## १.२ स्थानिय तहको परिचय

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ८० मा व्यवस्था भए अनुरुप नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७२ असोज १ गते भीरकोट नगरपालिकाको घोषणा भएको हो । गण्डकी प्रदेश स्याङ्जा जिल्ला अन्तर्गत पर्ने एक पहाडी भेगमा अवस्थित भीरकोट नगरपालिका। सदरमुकाम बयरघारी समुन्द्रिक सतहबाट करीव ७३० मिटर उचाइमा रहेको छ । यसको न्यूनतम उचाइमा रहेको छाङ्गछाङ्गदी फाँट समुद्री सतहबाट करीव ७१३ मिटर रहेको र अग्लो भु-भागका रुपमा वडा नं ९ स्थित नारायणगिरी मन्दिर तथा वडा नं ८ स्थित तामुको लेक समुद्री सतहबाट करीव १७३५ मिटर उचाइमा रहेको छ । भीरकोट नगरपालिकाको पुर्वमा चिरुवा गाउँपालिका र पुतलीबजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा

अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका तथा दक्षिणमा वालिङ्ग नगरपालिकालसँग सिमाना जोडिएको छ ।

यस नगरपालिकाको उत्तरमा अवस्थित शंखपुर भीरकोट नगरपालिका वडा नंम्वर-१, देखि दक्षिणमा भीरकोट नगरपालिका वडा नंम्वर ४ को खत्रीखोलासम्म तथा पूर्व तर्फ भीरकोट नगरपालिका वडा नंम्वर-३ को भुरुङ्गखोला देखी पश्चिम तर्फ भीरकोट नगरपालिका वडा नंम्बर ९ को कालिकाकोट पर्वत जिल्लाको सिमान सम्म फैलिएको छ।

परिच्छेद-२ समितिको कार्यसम्पादनका आधारहरु

२.१ संस्थागत प्रवन्ध

कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरूपण गर्न भीरकोट नगरपालिकामा नेपालको संविधानको धारा २१७ बमोजिम देहाय बमोजिमको तीन सदस्यीय न्यायिक समितिको गठन भएको छ ।

| | |
|---|---|
| उपप्रमुख श्री भगवती रेग्मी अर्याल | -संयोजक |
| वडा अध्यक्ष श्री श्यामकाजी अधिकारी | -सदस्य |
| वडा अध्यक्ष श्री नन्दलाल खनाल | -सदस्य |

२.२ संगठनात्मक स्वरुप र जनशक्ति

भीरकोट नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८ बमोजिम न्यायिक समितिले आफ्नो कार्यसम्पादनका लागि न्यायिक समितिको कार्यविधि ऐन, २०७५ जारी गरेको छ। कार्यविधिमा व्यवस्था भए बमोजिम न्यायिक समितिको सचिवालयमा काम गर्ने गरी कर्मचारीलाई जिम्मेवारी समेत तोकिएको थियो मिति २०८१ साल माघ महिनादेखी गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिपद् कार्यालयले स्थानिय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन )कार्यविधि ,२०८१ सन्चालन गरी न्यायिक सहजकर्ता पदमा कर्मचारीको व्यवस्था गरेको छ।

२.३ न्यायिक समितिको अधिकार क्षेत्र

नेपालको संविधानको धारा २१७ बमोजिम गठन हुने स्थानीय न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम देहायका विवादको निरूपण गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।

(१) न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछः

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

(ख) अर्काको बाली नोक्सानी गरेको,

(ग) चरन, घाँस, दाउरा,

(घ) ज्याला मजुरी नदिएको,

(ङ) घरपालुवा पशुपक्षी हराएको वा पाएको,

(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पति– पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको

(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

(ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,

(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद।

(२) न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार हुनेछः–

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

(ग) पति– पत्नीबीचको सम्बन्ध विच्छेद,

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(ङ) गाली बेइज्जती,

(च) लुटपिट,

(छ) पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुऱ्याएको,

(ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

(३) उपदफा (२) बमोजिमको विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न बाधा परेको मानिने छैन ।

(४) यस दफामा उल्लिखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भएको भए गरेको मितिले पैतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनुपर्नेछ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनका लागि निवेदन भन्नाले उजुरी वा फिरादलाई समेत जनाउँछ। भीरकोट नगरपालिकाको नगर सभाबाट जारी न्यायिक समितिको कार्यविधि ऐन, २०७५ को दफा ६ मा समितिले हेर्ने अधिकार र दफा ७ मा समितिको क्षेत्राधिकार सम्बन्धी व्यवस्था गरेको छ । ऐ.ऐ. ऐनको दफा ६ बमोजिम समितिलाई देहाय बमोजिमको उजुरीहरूमा कारबाही र किनारा गर्ने अधिकार रहनेछः

(क) स्थानीय ऐनको दफा ४७ अन्तर्गतको उजुरी,
(ख) मेलमिलाप ऐन, २०६८ अनुसार मेलमिलापको लागि नगरपालिकामा प्रेषित उजुरी,
(ग) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरूपण हुने गरी सिर्जित उजुरी, तथा
(घ) प्रचलित कानूनले नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरू ।

यसै गरी न्यायिक समितिको कार्यविधि ऐन, २०७५ को दफा ७ मा समितिको क्षेत्राधिकार स्पष्ट गरिएको छ। ऐनको दफा ७ मा भएको व्यवस्था अनुसार समितिले दफा ६ अन्तर्गतका मध्ये देहाय बमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारवाही किनारा गर्नेछः

(क) व्यक्तिको हकमा उजुरीका सबै पक्ष नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र बसोबास गरिरहेको,
(ख) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,
(ग) नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलाप वा मिलापत्रको लागि प्रेषित गरिएको,
(घ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति नगरपालिकाको भैगोलिक क्षेत्राधिकार भित्र रहिरहेको, तथा
(ङ) कुनै घटनासँग सम्बन्धित विषयवस्तु रहेकोमा सो घटना नगरपालिकाको भैगोलिक क्षेत्रभित्र घटेको ।

## ३- वार्षिक प्रगति विवरण

### ३.१ न्यायिक समिति सम्बन्धी व्यवस्था

शीरकोट नगरपालिकाको न्यायिक समिति नेपालको संविधान ,स्थानीय सरकार संचालन ऐन ,२०७४ न्यायिक समिति कार्यविधि सम्बन्धी (ऐन २०७५) बमोजिम नगरसभाबाट देहाय बमोजिम न्यायिक समिति गठन गरी कार्यान्वयनमा ल्याइएको।

तपशिल :

| | |
|---|---|
| श्री भगवती रेग्मी अर्याल | संयोजक |
| श्री श्यामकाजी अधिकारी वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री नन्दलाल खनाल वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| कानुनी ईकाइ प्रमुख कर्मचारी | सदस्य सचिव |

३.२ न्यायिक समिति न्याय निरुपणका लागी बसेको बैठक

आर्थिक वर्ष २०८२।०८३ मा न्यायिक समितिको १६ पटक बैठक बसी २४ वटा निबेदनको छलफल र निरुपण सम्पन्न भएको छ ।

३.३ अनुगमन तथा प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३ मा जिल्ला अदालतबाट न्यायिक समितिको काम कारवाही बारे एक पटक अनुगमन भई पृष्ठपोषण समेत प्राप्त भएको छ । न्यायिक समितिले अघिल्लो आर्थिक बर्षमा सम्पादन गरेका कामहरुको प्रतिवेदन तयार गरी नगरसभामा समेत छलफल भइसकेको छ ।

३.४ मुख्य उपलब्धी

- दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलता पुर्वक सम्पादन गरिनु,
- न्यायिक समितिका १६ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न २४ वटा उजुरी सम्बन्धी छलफल गरी आवश्यक कार्बाही गरिएको १९ वटा उजुरी फर्छोट भई लगत कट्टा भएको।
- न्यायिक समिति कार्यविधि ऐन,२०७५ बमोजिम न्यायिक समितिको सचिवालय व्यवस्थापन गर्न कानुनी ईकाइ व्यवस्थापन गरिएको छ।
- न्यायिक समितिको जिल्ला अदालतबाट अनुगमन गर्ने कार्य सम्पन्न भएको छ।

४ अवसर,चुनौती र अपेक्षा

४.१ अवसर

सरकार सञ्चालनमा महत्वपुर्ण अङ्गहरु मध्य न्यायपालिका एक महत्वपुर्ण अङ्ग हो।व्यवस्थापिकाले तयार गरेको कानुन कार्यपालिकाले कार्यान्वयन गर्छ।यस क्रममा कानुनमा देखिएका अस्पष्टतालाई व्याख्या गर्ने

र विबाद निरुपण गर्ने काम न्यायपालिकाले गर्छ। विश्वका केही देशहरुले अभ्यास गर्दै आएको स्थानिय तहको अदालती अभ्यास नेपालमा पनि सुरु भएको छ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि स्थानिय तहदेखि नै सुदृढ एवम् सबल बनाउनको लागि स्थानिय नेतृत्व, स्थानिय कानुन र स्थानिय सरकारको व्यवस्थापनका लागि स्थानिय सरकार सञ्चालन ऐनले स्थानिय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ।

उल्लेखित विवादका विषय वाहेकका विषयहरु पनि न्यायिक समितिले मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ। न्यायिक समितिमा निवेदन वा फिराद पेश भएपछि विपक्षीका नाउँमा म्याद पठाउने,प्रतिउत्तर बुझ्ने,प्रमाणको परीक्षण, साक्षी परीक्षण गर्ने, मेलमिलापका लागि दुवै पक्षलाई उत्प्रेरित गर्ने लगायत सवै प्रकिया टुङ्गायर मात्र समितिले निर्ण गर्नुपर्छ। निर्णय गर्दा तीन बटै सदस्यको सहमति नभए दुई जनाको निर्णयले फैसला गरिन्छ। फैसला समिति संयोजक अनिवार्य हुनुपर्छ।

## ४.२ चुनौती

स्थानिय स्तरमा अदालती अभ्यासको सुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भएपनि न्याय सम्पादन गर्दा देहाय बमोजिम चुनौतिहरु देखा पर्छन:

- स्थानिय तहमा न्यायिक निकाय छ भन्ने पर्याप्त मात्रामा सुचना तथा प्रचार प्रसार गर्न नसकिएको,
- कानुन सम्बन्धी प्रचार प्रसारको कमिले गाउँका मानिसहरु अन्यायमा पर्दा समेत न्यायको लागि सम्वन्धित ठाउँमा पुग्न नसकेको,
- अधिकार क्षेत्र भन्दा वाहिरका मुद्दाहरु आउनु,
- मेलमिलापकर्ताहरुलाइ कानुनी ज्ञान तथा पर्नताजगी तालिमको अभाव,
- आदी।

## ४.३ अपेक्षा

न्यायिक समितिवाट न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी वनाउन देहाय बमोजिम अपेक्षा राखिएको छ।

- न्यायिक समिति पदाधिकारीहरु तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि समयसमयमा कानुन सम्वन्धी तालिमहरु संचालन गरिनु पर्ने,
- ईजलास संचालन तथा व्यवस्थापन सम्वन्धी प्राविधिक क्षमता अधिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनु पर्ने,
- न्यायिक समिति मार्फत भए गरेका काम कार्वाहीहरुको नियमित अनुगमन गरी पृष्ठपोषण गराइनुपर्ने,
- न्यायिक समिति पदाधिकारी कर्मचारीहरुको क्षमता अभिवृद्धि गराउन अवलोकन भ्रमण गराइनु पर्ने,
- आदि।

धन्यवाद।

# भीरकोट नगरपालिकाको सूचना प्रविधि शाखाको कार्यसम्पादन प्रतिवेदन

# आर्थिक वर्ष २०८२/८३

१. पृष्ठभूमि तथा कार्यदिश

नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री बनाउन सूचना प्रविधि शाखाको भूमिका महत्वपूर्ण रहेको छ । भीरकोट नगरपालिकाको सूचना प्रविधि शाखाले डिजिटल पूर्वाधारको व्यवस्थापन, कर्मचारीलाई प्राविधिक सहयोग, सूचना प्रणाली सञ्चालन तथा नगरपालिकाको डिजिटल उपस्थितिलाई व्यवस्थित गर्ने कार्य गर्दै आएको छ।

मुख्य कार्यक्षेत्रहरू:

- कम्प्युटर, प्रिन्टर, नेटवर्क, सफ्टवेयर तथा अन्य IT पूर्वाधारको खरिद, सञ्चालन र मर्मतसम्भार।
- LGPAS, e-Attendance लगायतका प्रणालीमा प्राविधिक सहयोग तथा कर्मचारीलाई IT सम्बन्धी सहजीकरण।
- नगरपालिकाको वार्षिक तथा आवधिक योजना निर्माणमा प्राविधिक सहयोग।
- नगरपालिकाको वेबसाइट तथा सामाजिक सञ्जालमार्फत सूचना तथा सेवाको डिजिटल प्रसार।
- नेटवर्क तथा इन्टरनेट पूर्वाधारको व्यवस्थापन र सुधार।

२. आर्थिक तथा भौतिक प्रगति

आर्थिक वर्ष २०८२/८३ मा सूचना प्रविधि शाखाअन्तर्गत विनियोजित बजेटको उल्लेख्य हिस्सा प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिन्छ।

| कार्यक्रम | बजेट (हजार रु.) | खर्च (हजार रु.) | वित्तीय प्रगति |
|---|---|---|---|
| सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन | ८०० | ७३१.८५ | ९१.४% |
| मेसिनरी (ल्यापटप/कम्प्युटर) | १,२०० | १,२०० | १००% |
| सञ्चार शुल्क | १,००० | ८८२ | ८८.२% |
| पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन | १,५०० | १,४९५ | ९९.६% |

| | | | |
|---|---|---|---|
| डिजिटल प्रोफाइल अद्यावधिक | ३०० | २९६ | ९८.६% |

समग्रमा बजेट कार्यान्वयन तथा खर्चको अवस्था सन्तोषजनक रहेको छ। विशेषगरी कम्प्युटर तथा ल्यापटप खरिदमा शतप्रतिशत बजेट कार्यान्वयन भएको छ। डिजिटल प्रोफाइल अद्यावधिक तथा सूचना प्रकाशनसम्बन्धी कार्यक्रमसमेत उच्च प्रगतिका साथ सञ्चालन भएका छन्।

३. क्षमता विकास तथा डिजिटल पूर्वाधार

सूचना प्रविधि शाखाले प्रविधिको प्रभावकारी उपयोगका लागि कर्मचारीको क्षमता विकासलाई प्राथमिकता दिएको छ। LGPAS लगायतका प्रणालीमा आवश्यक प्राविधिक सहयोग, IT सम्बन्धी सहजीकरण तथा कर्मचारीलाई आवश्यक तालिम प्रदान गरिएको छ।

डिजिटल प्रोफाइल अद्यावधिक कार्य अन्तर्गत Crypty Innovation Pvt. Ltd. को प्राविधिक सहयोगमा नगरपालिकाको जनसांख्यिक, भौतिक तथा विकाससम्बन्धी विवरण अद्यावधिक गर्ने कार्य गरिएको छ। यसले योजना निर्माण, स्रोत परिचालन तथा तथ्यमा आधारित निर्णय प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याएको छ।

त्यसैगरी नगरपालिकाको प्रशासनिक भवनभित्र इन्टरनेट तथा नेटवर्क वायरिङ व्यवस्थापन र मर्मतसम्भार गरी नेटवर्कको स्थायित्व र प्रणालीको निरन्तर सञ्चालनमा सुधार ल्याउने प्रयास गरिएको छ।

४. प्रमुख समस्या तथा सेवा प्रवाहमा जोखिम

IT क्षेत्रमा केही संरचनात्मक तथा बाह्य चुनौतीहरू अझै विद्यमान छन्।

क.इन्टरनेट तथा कनेक्टिभिटी समस्याः

वडा कार्यालयहरूमा इन्टरनेट सेवा अस्थिर हुँदा अनलाइन प्रणाली तथा डिजिटल सेवा प्रभावित हुने गरेको छ। यसका कारण सेवाग्राहीलाई मुख्य कार्यालयसम्म आउनुपर्ने अवस्था सिर्जना हुन सक्छ।.

ख. दक्ष जनशक्तिको कमीः

मुख्य कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा एकै समयमा प्राविधिक समस्या उत्पन्न हुँदा उपलब्ध जनशक्तिबाट तत्काल समाधान गर्न कठिनाइ हुने गरेको छ।

ग. बाह्य प्राविधिकमा निर्भरताः

स्थानीय स्तरमा दक्ष सूचना प्रविधि सम्वन्धी मर्मत तथा प्राविधिक सेवा प्रदायकको अभावका कारण पोखरा तथा बालिङबाट प्राविधिक बोलाउनुपर्ने अवस्था रहेको छ। यसले समस्या समाधानमा केही दिनदेखि हप्तौंसम्म समय लाग्ने र सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने जोखिम सिर्जना गरेको छ।

यस अवस्थाले सूचना प्रविधि शाखालाई प्रोएक्टिभ व्यवस्थापनभन्दा प्रतिक्रियात्मक मर्मत प्रणालीमा बढी निर्भर बनाउने अवस्था देखिन्छ।

## ५. आगामी कार्यदिशा

सूचना प्रविधि शाखाले आगामी अवधिमा डिजिटल सेवा र पूर्वाधारलाई थप व्यवस्थित तथा दिगो बनाउने उद्देश्यले निम्न कार्यलाई प्राथमिकता दिन आवश्यक देखिन्छ:

- वडा कार्यालय तथा स्वास्थ्य संस्थाका लागि आवश्यक कम्प्युटर, प्रिन्टर तथा अन्य IT उपकरणको योजनाबद्ध खरिद र नियमित मर्मत।
- कर्मचारीको IT तथा सम्बन्धित सफ्टवेयर प्रयोग क्षमता अभिवृद्धिका लागि नियमित तथा व्यावहारिक तालिम सञ्चालन।
- नगरपालिकाका विभिन्न प्रणाली तथा मन्त्रालयबाट माग हुने विवरणको व्यवस्थित संकलन, प्रविष्टि र प्रतिवेदन।
- नेटवर्क तथा इन्टरनेट पूर्वाधारको नियमित निरीक्षण, मर्मत तथा स्तरोन्नति।
- IT समस्या समाधानका लागि आन्तरिक प्राविधिक क्षमता विकास।
- बाह्य प्राविधिकमा निर्भरता क्रमशः घटाई नियमित प्राविधिक सहयोगको व्यवस्था।
- डिजिटल प्रणालीको सुरक्षा, डेटा व्यवस्थापन तथा सेवा निरन्तरतामा थप ध्यान।

## ६. निष्कर्ष

